ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



योगः कसले किन गर्ने ?

❑ वर्ष-१० ❑ अङ्क-८, २०७५ असार ९ गते, शनिबार (June 23, 2018 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठः संख्याः ६

भाटे पुल विस्थापित हुँदै



सप्तकोशी नगरपालिकाको ३७ लाख बजेटमा ४ नं वडामा चन्द्रनगरमाथि बन्न लागेको कक्की पुल । यो पुल निर्माणसँगै काठे पुल विस्थापित भएको छ । यो पुल हुदै स्थानीयवासी फत्तेपुर बजार आवतजावत गर्ने गर्दछन् । *तस्विरः शिव आचार्य/जनता टाइम्स*

६ महिनामा २४ बलात्कारका घटना

फत्तेपुर / सप्तरीमा २०७४ पुस १७ देखि २०७५ असार ७ गतेसम्मको करिब ६ महिनाको अवधिमा २४ वटा बलात्कारका घटना भएका छन् ।

इन्सेक सप्तरीले बिहीबार राजविराजमा आयोजना गरेको 'मानवअधिकार वर्ष पुस्तक पूर्व समीक्षा गोष्ठी' मा सो तथ्यांक सार्वजनिक गरेको हो ।

इन्सेक प्रतिनिधि मनोहर पोखरेलले प्रस्तुत गरेको समिक्षात्मक प्रतिवेदनमा ६ महिनाको अवधिमा बालिका बलात्कारका २१ र महिला बलात्कारका ३ गरी २४ वटा घटना घटेको उल्लेख छ ।

२१ वटा बलात्कारका घटनामा २ वर्षका समेत गरी २२ बालिका पीडित छन्। आरोपितमा १२ र १३ वर्षका ५ बालकदेखि ६५ वर्षीय वृद्धसमेत २८ जना रहेको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, महिला बलात्कार र यौन दुर्व्यवहारका समान ३२३ घटनामा ६ जना महिला पीडित भएका छन्। बलात्कार आरोपित ४ जना हाल थुनामा छन्। यौन दुर्व्यवहारका ३ घटनाका ५ आरोपितमध्ये १ धरौटीमा र ४ जना फरार छन् ।

एक बालिकालाई बलात्कार गरी हत्या गरेको आरोपमा उनका दाजुलाईसमेत पूर्पक्षका लागि थुना राखिएको छ। बलात्कार प्रयासका ३ घटनामा आरोपितमध्ये २ बालक बालसुधार गृहमा, ३ जना थुनामा र १ जना धरौटीमा रिहा भएका छन् ।

यसबीचमा मानवअधिकार हनन, उल्लंघन तथा ज्यादतिका अन्य घटना पनि उल्लेख्य रुपमा वृद्धि भएको पाइएको छ। त्यस्तै १ महिलाको लाश फेला परेपनि आरोपित फेला परेनन्। आफ्नै परिवारका सदस्यद्वारा दुई पुरुषको हत्या भएको छ। हत्या आरोपित १ जना थुनामा छन् भने दोस्रो घटनाका दुई आरोपित गिरफ्तार भएका छन् ।

बाँकी अन्तिम पृष्ठमा

होल टाइमर काङ्ग्रेसका नेता माछा फर्ममा व्यस्थ



फत्तेपुर/ पूर्णकालिन नेपाली काङ्ग्रेसका नेता अशोक कार्की यति बेला पार्टीको काममा भन्दा अलि बढि उनको व्यवसायी कृर्ष कर्ममा भेटिन्छन् । सम्वृद्ध नेपाल बनाउन सबै नेता कार्यकर्ताहरु कुन न कुनै व्यापार व्यवसायमा संलग्न हुनु पर्ने उनको धारणा अनुसार उदयपुरको बेलका नगरपालिका-१ आम्वासीमा ७ विगाह जमिन भाडामा लिएर माछा पालान शुरु गरेका छन् ।

६६ लाख लगानी गरेका कार्कीको फर्ममा १४ वटा पोखरी तयार भएका छन् । १४ वटा पोखरीमा १० लाख माछाका भुरा छन् । एक लाख खान तयार माछा छन् । उनको पोखरमिा कमन, नैनी, ग्रोकार्प, रहुलगायतका ९ प्रजातीका माछा तथा भुरा उपलब्द छन् । ४ जनाको लगानीमा २ बर्ष अघि शुरु गरे पनि व्यवसायी पारदर्शी नभए पछि एक बर्ष अघि एकलौटी बनाई काम शुरु गरेका हुन ।

उनको फर्ममा साढे ४ केजी सम्मका माछा पाईन्छ । जरुवा पानी भएको जमिन भएकाले उनको पोखरीमा पाईने माछा नदिहरुमा पाईने माछा जस्तै स्वादिला भएको स्थानीय बेलका नगरपालिकाका कपडा

बाँकी अन्तिम पृष्ठमा

फत्तेपुरमा एक महिने रमाईलो मेला

न्यु त्रियुगा स्पोर्ट्स क्लब फत्तेपुर को आयोजना मा सप्तरीको सप्तकोसी नगपालिका फत्तेपुर मा निर्माणधिन बहुउपयोगी कभर्डहल निर्माण को लागि सहयोगार्थ संचालन हुने एक महिने रमाइलो मेला मा सपरिवार आइ रमाउनु का साथै बहुउपयोगी कभर्डहल निर्माण का लागि सहयोग गरि दिनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।



मेलाका आकर्षणहरुः

रोटेपिङ ,नाउका पिङ,draigan रेस, कार रेस लगायत बच्चाहरुका विभिन्न आकर्षक खेलौनाहरु विभिन्न राष्ट्रिय कलाकारहरु मेलिना राई,जेष्ठ कोमल ओलि,ज्योति मगर दिलिप रायमाझी ,केदार घिमिरे (माग्ने बुढो)लगायत लोकदोहरी, नृत्य ,गायन लगायत विभिन्न हास्यकलाकारहरु बाट हास्यब्याङ्ग्य लगाय विभिन्न मनोरञ्जनात्मक कार्यक्रम हरुका साथ दाजिलिङ का कलाकार हरुको बेजोड प्रस्तुति रहेको छ । हेर्न नछुटाऔं ।

मितिः २०७५ जेष्ठ १० गतेदेखि असार १० गतेसम्म

स्थानः सहिद स्मृति रंगशाला सप्तकोसी नगरपालिका-१,फत्तेपुर

व्यावस्थापक

पर्वत लामा

एवं रमाइलो मेला आयोजक समिति सप्तकोसी नगरपालिका-१, फत्तेपुर सप्तरी

६.....

बालविवाह र बहुविवाहका आरोपित १ भारतीय नागरिक पनि थुनामा रहेको इन्सेकले जनाएको छ। बहुविवाहका २ घटनामध्ये एकमा २ जना धरौटीमा रिहा भए भने अर्को घटनाका फरार आरोपित २ जना विरुद्ध अदालतले म्यादी पुर्जी जारी गरेको छ। गर्भपतनका एक आरोपित धरौटी राखेर तारेखमा रिहा भएका छन्।

विद्यालय तोडफोड गरेको आरोपमा १ जना र शिक्षक कुटपिट गरेको आरोपमा १ जना पत्रकाउ परेका दुवै धरौटीमा रिहा भएका छन्। त्यस्तै घरेलु हिंसाका १६ मध्ये ६ घटनामा सहमति भएको पोखरेलले जानकारी दिए।

कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल र प्रहरी उपरिक्षक मुकेश कुमार सिंहले घटनाका प्रकृति हेर्दा अत्यन्तै दर्दनाक रहेको बताउँदै दोषीलाई कुनै पनि सर्तमा कारबाहीको दायरामा ल्याउने र पीडितलाई न्याय दिलाउने प्रतिवद्धता जनाए।

समाज नैतिक रुपमा स्खलित हुँदै गएको र लागूपदार्थको सेवन, सामाजिक सञ्जालको दुरुपयोग लगायतका कारणले अपराध बढिरहेको भन्दै पौडेलले यस्ता घटना न्यूनिकरणका लागि नागरीक समाज र राजनितिक दल थप जिम्मेवार हुनुपर्ने बताए। 'प्रहरी/प्रशासन जिम्मेवार छ, नागरीक समाज र राजनितिक दल थप जिम्मेवार हुनुपर्यो,' उनले भने, 'शान्ति, सुरक्षा र अपराध नियन्त्रणका लागि स्रोत, साधन र जनशक्तिको उपलब्धताका आधारमा हाम्रो तर्फबाट पूर्णरुपमा काम हुन्छ।'

होल...

व्यवसायी सरद कोईरालाले बताए। उनले उत्पादन गरेका माछाहरु दैनिक होटलहरुमा निर्यात हुदै आएको छ।

स्थानीय विद्यालयको जग्गा बार्षिक २ लाख ५० रुयौया भाडामा १८ बर्षका लागि लिजमा लिएर उनले व्यवसाय शुरु गरेको सुनाए। 'विद्यालयको जग्गा त्यतिकै बसेको थियो, विद्यालयलाई पनि आम्दानी हुने आफ्नो व्यवसाय पनि घर नजिक हुने भएकाले यो खेर गएको जमिन सदुपयोग गरेको हु।'-कार्कीले भने।

उनले पाँच बर्षमा बार्षिक ५ लाख नाफा गर्ने र १० बर्षमा १५ लाख बार्षिक आम्दानी गर्ने लक्ष्य लिएर उनले व्यवसाय शुरु गरेका छन्। माछा फर्मसँगै कुखुरा, टर्की, तथा उन्नत जातका बाखासमेत पालेका छन्। जमुना उस्पार र वयर जातका बाखा हाल एक सय वटा खोरमा हालेका छन्। वयर जातको बाखा धनकुटाबाट र जमुना जातको बाखा फार्मेसगञ्जबाट ल्याएको उनले बताए। खदिलो हुने मासु धेरै हुने वयर जातको पाठाको मुल्य ५ हजारदेखि १० हजारसम्म रहेको छ। गाई र भैसी पनि फर्ममा हाल्ने तयारी गरेको उनले बताए।

उनको २५ वटा माछा पोखरी बनाउने तयारी छ। निकट समयमा फर्म भित्र कट्टेज, स्वीविङ पुल निर्माण, फन पार्क निर्माणका लागि शुरु गरेका छन्। 'मंसिर भित्र सबै तयार भई सक्छन्।'-उनले भने- 'यस फर्मलाई पर्यटकीय गन्तव्य समेत बनाउने योजना छ।'

कार्कीको राजनीतिक जीवन यात्रा

२०४२ सालदेखि नेपाली काङ्गेसमा क्रियाशिल छन्। कोईराला परिवारसँग निकट भएर उनले लामो समय काम गरे। तर पार्टीबाट हालसम्म कुनै लाभको पदमा पुगेका छैनन्। ९ औ महाधिबेशनबाट महाधिबेशन प्रतिनीधि रहेका कार्की केन्द्रीय कमिटीको भौतिक निर्माण विभागका सदस्य समेत छन्। २०७४ सालको स्थानीय तहको निर्वाचनमा बेलका नगरपालिकाको मेयरको टिकट पाएका थिए। उनकै सकृयतामा यस क्षेत्रमा काङग्रेसको राम्रो प्रभाव भए पनि गुटबन्दीका कारण नेकपा एमालेका उम्मेद्वार दुर्गा थापासँग २२६ को झिनो मतले हारेका थिए।

मेयर पदमा हारे पनि नगरपालिकामा कार्कीको प्रभाव राम्रो रहेको छ। जनताका काम गर्न उनी व्यवसायबाट केही समय निकाल्ने गर्दछन्। 'राजनीतिक मेरो पेसा होईन, यो समाजसेवाको रुपमा ग्रहण गरेको छु।'- फर्ममा भेटिएका कार्कीले भने-'राजनीती गर्नेहरुले केही नकेही अन्य पेसा, व्यवसयी गर्नु पर्दछ।' काङ्गेसले कार्यकर्ताहरुलाई कुनै पनि व्यवसायीमा लाग्न उनको सुझाव छ।

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर वनाउन पहल गरौ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ। कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

सूचना

लोक सेवा आयोगको दृढ अठोट, स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट।

नेपाल सरकार
संचार तथा सूचना प्रविधी मन्त्रालय
सूचना विभाग

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाा हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स–रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

तपाईहरूको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स–रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स–रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय माति अगाडी फोन नं.: ०३१-५५०१८७

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन कंसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स साप्ताहिक
JANATA TIMES WEEKLY

सम्पादकीय.....

कृषीमा सुधार जरूरी

तराई मधेशलाई अन्नको भण्डारले चिनिएको छ। राष्ट्रको २३ प्रतिशत भूमि ओगटेको, फराकिलो तथा उर्वर भूमि ५९ देखि ७०० मीटर उचाईमा पर्दछ। कूल खेतीयोग्य जमीनको ४० प्रतिशत हिस्सा रहेको जुन वर्षैभरि सिँचाई उपलब्ध गराउन सकिन्छ।

यहाँ सरकारले सिँचाई र प्रविधि उपलब्ध गराउन सके उत्पादकत्व वृद्धि गर्ने धेरै नै क्षमतावान क्षेत्र हो। तर सरकारले यस क्षेत्रमा सिचाई पुऱ्याउन सकेको छैन्।

यतिबेला जलबायु परिवर्तनको असर र प्रभाव पनि पहाडमा भन्दा तराई मधेशको कृषिमा बढी हुने विभिन्न प्रतिवेदनले देखाएको छ। तराई मधेशमा तापक्रम बृद्धि, वर्षाको पानीको धेरै नै कमी वा चाहिएको समयमा नआई कुबेलामा पर्ने, शीतलहरी, असिना आदिले कृषिको उत्पादनमा धेरै नै नकारात्मक प्रभाव पार्ने गरेको छ। यस्तो नकरात्मक प्रभावबारे राज्यले न्यूनिकरणका लागि कुनै प्रभावकारी कमद चालेको पाईदैन्।

कृषीलाई सवल बनाउन उन्नत तथा प्रभावकारी सिँचाइ व्यस्थापन, उन्नत प्रविधि तथा औजार/उपकरणको प्रयोग, उन्नत माटो, बीउ, विषादी र मलको प्रभावकारी व्यवस्थापन, जग्गा उपयोग नीति अपनाई कृषि जमीनको आधुनिक सुधार जरुरी छ। खाद्यान्नको न्यायोचित वितरण, खाद्य उपयोग विविधिकरण, आदिको व्यवस्थामन गर्नु पर्दछ। तराई मधेशले विशेष गरी सिँचाईको व्यवस्थापन गरी खेत जग्गा खाली नराखी बाली घनत्वमा बृद्धि गर्नु वाञ्छानिय हुने छ।

☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वैस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

नेपाली काङ्ग्रेसको जिल्ला अध्यक्षहरुको भेला सम्बन्धमा

गगन थापा

नेपाली कांग्रेसको अहिलेको अवस्थालाई सम्बोधन गर्नेबारे तीनथरि बुझाइ सतहमा छन्। पहिलो- पार्टीभित्र एकता र सहमति। त्यसको शर्त भनेको पार्टीभित्रका समस्यामाथि छलफल गर्नु हुँदैन। छलफल गर्नु भनेको एकतालाई खल्बल्याउनु हो। समीक्षा गर्नु भनेको एकता विरोधी कर्म हो। केही पनि गर्नु हुँदैन तर एकता हुनुपर्छ भन्ने सोचले यो उपायलाई प्रधान मानेको छ।

दोश्रो- पार्टी निर्वाचनमा पराजयको विषय। पार्टी पराजयको जिम्मेवारी पार्टी नेतृत्वले लिनुपर्छ। सार्वजनिक रुपमा नेतृत्व असक्षम भयो भन्दै एउटै मात्रै कुरा उठाइरहने अर्को तरिका छ।

माथिका दुवै तरिका अहिलेका लागि समाधानका विधि होइनन्। तेश्रो- पार्टीको मर्यादा र सीमामा बसेर विषयहरु उठाइ रहनुपर्छ र पार्टीमा निरन्तर समीक्षा जारी राख्नुपर्छ। तत्काल सच्याउनुपर्ने विषय र नीतिहरुलाई सच्याउनुपर्छ। कतिपय विषय एउटा क्रममा गइरहन्छ र पार्टीको अधिवेशनमा गएर छिनोफानो हुन्छ। आवाज कहिले पनि बन्द गर्नु हुँदैन। एकताका नाममा त्यसलाई दबाउने प्रयास पनि गर्नु हुँदैन। छिनोफानो गर्ने नाममा सबै कुरा अहिले नै हुन्छ भनी हतारो पनि गर्नु हुँदैन। बीचको बाटो हिँडिराख्यौं भने हाम्रा समस्या के छन्, ती पनि बाहिर आइरहन्छन्। सम्बोधन पनि हुँदै जान्छन्।

जिल्ला सभापतिहरुको वर्तमान भेलाले बीचको बाटो लिन सक्छ कि सक्दैन भन्ने हो। बीचको बाटोबाट जिल्ला सभापतिहरुको भेला अघि बढ्यो भने केन्द्रीय समितिलाई मार्ग निर्देशन पनि गर्न सक्छ। सबैभन्दा महत्वपूर्ण कुरा महाससमिति बैठक छिट्टै बस्दैछ। महासमिति बैठकलाई मार्गनिर्देशन गर्न सक्नुपर्छ। सँगसँगै पार्टीका जिल्ला सभापतिहरु केही कुरा लिएर फर्कनुहुन्छ। जसले गर्दा केही हदसम्म पार्टीभित्रको अलमल हट्छ र सन्देश पनि दिन्छ।

देशव्यापी अभियान आवश्यक

निर्वाचनको परिणाम आएको ६ महिना भयो। पराजयको विषयबाट हामी धेरै अघि बढिसक्यौं। मुख्य विषय निर्वाचनपछिको कार्यदिशा हो। निर्वाचनले कांग्रेसलाई सातै प्रदेशमा ठूलो जिम्मेवारी दिएको छ। वर्तमान अवस्थामा प्रतिपक्षको जिम्मेवारी आफैंमा विशिष्ट जिम्मेवारी हो।

उपयुक्त ढंगले भूमिका निर्वाह गर्न सकिएको छ/छैन मुख्य विषय हो। जिल्ला सभापतिहरुले समग्र पार्टीको भूमिकाबाट सन्तोष मानेको अवस्था छैन। २०६४ सालमा पनि कांग्रेस हारेको थियो। पराजयका कारण तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले सुन्नुभयो। देशभर अभियान सुरु गर्नुभएको थियो। सभापति नै सहभागी भएर ठूला-ठूला सभाहरु भए। कार्यकर्तामा पुनः आत्मविश्वास पैदा भयो। पुरानो कुराबाट सिक्ने हो, बोकेर बस्ने होइन भन्ने नेतृत्वले सिकायो। त्यस समय राजनीतिमा मात्रै होइन, राज्यका अंगहरुमा माओवादीले एकछत्र प्रभाव जमाएको स्थिति थियो। कांग्रेस कार्यकर्ता कुटिने, लखेटिने अवस्था थियो। असाध्यै प्रतिकूल समयमा एक वर्षमै गिरिजा बाबुले कांग्रेसलाई पुनःजागृत बनाउनुभयो। निर्वाचन पराजयको विषम समयबाट पार्टीलाई निकाल्न सफल हुनभयो भने समीक्षाको ढोका पनि बन्द गर्नु भएन। अब सभापतिहरुको जिल्ला भेलापछि देशव्यापी अभियान लान सक्नुपर्छ। स्थानीय, प्रदेश र केन्द्रको भूमिकाको मूल्यांकन पनि हुनुपर्छ।

वडादेखि प्रदेशसम्म संगठन बनाऔं

अर्को विषय हामी संगठनमा चुकिरहेका छौं। हाम्रो केन्द्रीय महाधिवेशन २०७६ साल फागुनमा गरे हुन्छ। कतिपय साथीहरुले एक वर्ष म्याद थप्न विधानमा भएको व्यवस्था पनि देखाउनुभएको छ। त्यो हाम्रो लागि घातक हुन्छ। त्यसको कुनै उपादेयता छैन। स्थानीय र प्रदेशको सांगठानिक संरचना बनाउनका लागि अर्को सालको फागुनसम्म कुर्नुको कुनै अर्थ छैन।

निर्वाचन पराजयको विषम समयबाट पार्टीलाई निकाल्न सफल हुनभयो भने समीक्षाको ढोका पनि बन्द गर्नु भएन। अब सभापतिहरुको जिल्ला भेलापछि देशव्यापी अभियान लान सक्नुपर्छ। स्थानीय, प्रदेश र केन्द्रको भूमिकाको मूल्यांकन पनि हुनुपर्छ।

भदौमा महासमिति गर्ने र महासमिति मार्फत् विधान संशोधन गर्ने काम हुन्छ। स्थानीय निकायको संगठनको संरचना निर्क्यौल गरिन्छ। दशैं-तिहारपछि सदस्यता वितरण सुरु गर्न सकिन्छ। फागुनमा वडा, गाँउ, नगर, अधिवेशन गर्न सकिन्छ। २०७५ को फागुनसम्ममा सबै संरचना बन्छ। त्यसपछि विस्तारै काम सक्दै गएर २०७६ को फागुनमा महाधिवेसन गर्न सकिन्छ।

नयाँ नेतृत्व आएपछि निर्वाचन अगाडि दुई वर्षभन्दा बढी आफ्नो निकायमा काम गर्नसक्छ। स्थानीय चुनाव केन्द्रको निर्वाचनभन्दा अघि हुन्छ। टालटुल र अर्को वर्षको फागुनमा अधिवेशन गर्न लाग्यौं भने स्थानीय निकायको निर्वाचनको मुखमा स्थानीय कमिटी बन्नेछन्। संगठनलाई बेवारिसे बनाएर, तदर्थमा चलाएर संगठनले जिम्मेवारी पूरा गर्न सक्दैन। त्यस दिशाका लागि जिल्ला सभापतिहरुको भेलाले ठोस बाटो देखाउन सक्नुपर्छ।

केन्द्रीय महाधिवेशन चाँडो गरौं भन्ने होइन। महाधिवेशन त अवधि पुगेपछि नै गरौं। तर, गाउँपालिकाहरुको अधिवेशन चाँडो गर्नुपर्छ। जारी भेलाले त्यस दिशामा दबाब सिर्जना गर्यो भने महत्वपूर्ण उपलब्धि भएको मानिनेछ। अहिले विधान नभएर अलमल छ। भदौमा विधान संशोधन भएपछि विधानका कारण रोकिनुपर्ने हुँदैन।

आवश्यक नभएको पदाधिकारी संख्या थप्न मिल्ने, तर जुन कुरा छिटो गरिहाल्नुपर्नेछ त्यसतर्फ ध्यान नदिने, वडाको संरचनाहरु नबनाउने हो भने काहीं पनि पुग्न सकिन्न। संशोधित विधानको आधारमा वडा, गाउँ, नगर र प्रदेशको संरचना फागुनभित्र गरिसक्न निर्देश गर्यो भने सभापतिको भेलाको उपादेयता रहन्छ। जसले पार्टीकै हित हुन्छ।

पदाधिकारी थप्नु उचित छैन

केन्द्रीय समिति बढाउने अख्तियार प्राप्त निकाय महासमिति हो। केन्द्रीय सदस्यको संख्या बढाउन आवश्यक देख्दिनँ। स्थानीय तहका समितिहरुलाई नाम मात्रैका बनाउनु हुँदैन। केन्द्रले अधिकार प्रत्यायोजन गर्नुपर्छ। सिमित अधिकार केन्द्रमा रहने र अधिक अधिकार गाउँ र प्रदेशमा पुर्याउने गरी निर्णय गर्नुपर्ने हुन्छ।

केन्द्रीय सदस्य थप्नुपर्छ जस्तो मलाई लाग्दैन। संख्या थपिए केही नयाँ अनुहारको प्रवेश हुन्छ। तर, सांगठनिक प्रभावकारिता खासै देखिन्न। नेतृत्वले माया गरेर एकैचोटि सांसद बनेको व्यक्ति महाधिवेशन प्रतिनिधि बन्ने अवस्था छ। क्षेत्रीय प्रतिनिधिबाट चुनिएर मात्रै महाधिवेशन प्रतिनिधि बनाउन सकियो भने आफ्नो माटोप्रतिको माया देखिन्छ।

आरक्षणमा सधैं एकै व्यक्ति ?

अर्कोतर्फ, संगठनलाई कसरी समावेशी बनाउने भन्ने चुनौती छ। आरक्षणको दायरालाई फराकिलो बनाउनुपर्छ। आरक्षणको लाभ एकै व्यक्तिले उस्तै परिभाषाभित्र रहेर गर्न नपाउने व्यवस्था गर्नुपर्छ।

जसले गर्दा सबै समूहका नेतृत्व स्थापित हुन सक्छन्। आरक्षण रहने, तर नयाँ व्यक्तिको प्रवेश नहुने अवस्था छ। आरक्षणको लाभ एकै व्यक्तिले लिइरहने विद्यमान परिस्थिति छ। यसलाई तोड्न सक्नुपर्छ।

सदस्यतामाथिको अलमल

सदस्यताको विषयमा पनि महत्वपूर्ण निर्णय गर्नुपर्नेछ। त्यसका लागि दुई विधि बाहिर ल्याइएको छ। पहिलो- वर्तमान व्यवस्थालाई सुधार गर्ने। दोश्रो- ठूलो परिवर्तन गर्नुपर्छ, कांग्रेसलाई क्याडर बेस पार्टी बनाउनुपर्छ भन्ने। जोजुकैले पनि सदस्यता प्राप्त नगर्ने हुनाले पनि कांग्रेस क्याडर बेस पार्टी नै हो। छानिएकालाई क्रियाशील सदस्य भनिन्छ। पार्टीको नेतृत्व क्रियाशील सदस्यहरु मार्फत नै छानिँदै आएको हुन्छ।

विद्यमान प्रावधान अनुसार नेपाली कांग्रेस क्याडर बेस पार्टीभन्दा फरक छैन। क्रियाशील सदस्यहरु जिम्मेवार भएनन् भन्ने आवाज पनि उठेको छ। विशिष्ठ प्रकारको सदस्य बनाउनुपर्छ भन्नेतिर पनि छलफल गएको देख्छु। करिब ५ लाख क्रियाशील सदस्य रहेको पार्टीमा विशिष्ट सदस्य बनाउन लागियो भने सदस्यता संख्या खुम्चिन्छ।

सदस्यताका लागि कम्युनिस्टहरुसँग प्रतिस्पर्धा गर्न परिरहेको अवस्थामा कार्यकर्ताको आधारमा मात्रै रहने कि अर्को विकल्प खोज्ने भन्ने हो। अर्को विकल्प भनेको कांग्रेस सदस्यता खुला गर्ने हो। प्रजातान्त्रिक व्यवस्थामा पार्टी सदस्य बन्ने बाटो रोकेर 'रियल डेमोक्याटिक' हुन सकिन्न। सदस्यता पूर्णरुपमा खुला गर्नुपर्छ।

सदस्यता खुला गर्दा अर्को पार्टीका सदस्यले सदस्यता लिए के गर्ने भन्ने प्रश्न पनि उठेको छ। नवप्रवेशीले वर्षौंदेखि लागेकालाई पराजित गर्यो भन्ने पनि छ। निर्वाचित हुन सक्ने गरी आए तिनीहरुको झन् खाँचो छ। एक लाख सदस्यता भएको काठमाडौंमा आज आएर ती सदस्यको मन जितेर पार्टी सभापति हुन सक्छ भने ऊ चामत्कारिक व्यक्ति हो। उसको क्षमता देखेर नै आम कार्यकर्ताले विश्वास गरेका हुन्। अपवादका रुपमा आउनेले तरंग पैदा गर्न सक्छन्। तिनीहरुका लागि पार्टीमा ढोका खुला राख्नुपर्छ। संगठनमा डाइनामिक व्यक्तिको खाँचो छ।

जिल्ला सभापतिहरुलाई सुझाव

केन्द्रीय समितिको बैठकमा पेश गरिएको प्रतिवेदन जिल्ला सभापतिहरुलाई वितरण गरिएको छ। तीन कुरामा जिल्ला सभापतिहरुलाई अनुरोध गरेका छौं।

पहिलो- निर्वाचनको समीक्षा गर्दैगर्दा तात्कालीक अवस्था मात्रै हेरिरहेका छौं। पराजयमा वाम गठबन्धनसँगै पार्टीको आफ्नै कमजोरी नि छ। तर, २०४८ देखिको अवस्था ख्याल गर्नुपर्छ। निर्वाचन पराजयको कारणको पनि कारण छ। फराकिलो दायराले हेर्नुपर्छ। २०४८ मा दुई कम्युनिस्ट मिल्दा पनि चुनाव जितिएको हो।

दोश्रो- पार्टीले संरचनागत विषयमा स्पष्ट नीति ल्याउनुपर्छ।

तेश्रो- राष्ट्रिय दायित्वबोध पनि हुनुपर्छ। संविधानको कार्यान्वयनमा कांग्रेसले आत्मवल कमजोर बनायो भने व्यवस्था दुर्घटनामा पर्छ।

प्रतिपक्षको भूमिकालाई प्राथमिकता


विगतमा सरकारले स्थानीय निकायलाई अनुदान दिने निर्णय गरेको थियो। दिएको रकम खर्च नभएपछि स्वतः सञ्चिति कोषमा रहनुपर्छ। अहिले सरकारले उक्त रकमलाई तानेर संघमा ल्याएको छ। यो त पहिले जिविसलाई गरेजस्तै व्यवहार भयो। अहिलेको सरकारले संघीयताको मर्मलाई आत्मसाथ गर्नै सकेन।

कांग्रेसको अहिलेको अर्जुन दृष्टि संविधानलाई असफल हुन नदिनु हो। व्यवस्थालाई धरापमा पर्न नदिने जिम्मेवारी कांग्रेसको हो। हामीले ९० प्रतिशत समय आफ्नो आन्तरिक समस्यालाई दिएका छौं। पार्टीको आन्तरिक काममा ४० प्रतिशत र ६० प्रतिशत समय प्रतिपक्षको भूमिकालाई दिनैपर्छ।

(जिल्ला सभापतिहरुको भेलामा सहभागी हुन हेटौंडा आएका थापासँग लिलु डुम्रेले गरेको वार्तामा आधारित)

योग: कसले किन गर्ने ?

रलवदेव मिश्र
शालीग्राम सिंह



हरेक उमेरसमूहका लागि योग आवश्यक हुन्छ। आजको भागदौडको जीवनमा त शारीरिक तन्दुरुस्तीको सहज उपाय योग नै हो। योगीहरुका अनुसार, योगबाट मानसिक रोगदेखि दीर्घ रोगसम्म निको हुन सक्छ ।

योगको महत्व र योग कसले गर्ने, कुन-कुन रोगीले गर्न हुने र कुन समयमा गर्ने आदि विषयमा पतञ्जलि योग समितिका प्रमुख लवदेव मिश्र र पतञ्जलि योग समितिका ट्रष्टी शालीग्राम सिंहसँग स्वास्थ्यखबरकी सिर्जना खत्रीले गरेको कुराकानी उनीहरुकै शब्दमा:

शारीरिक र मानसिक स्वास्थ्यका लागि योग

लवदेव मिश्र, प्रमुख, पतञ्जलि योग समिति

योग कसलाई आवश्यक पर्छ भन्नुभन्दा पनि कसलाई पर्दैन भन्ने मुख्य कुरा हो । बालकको शारीरिक विकास र विद्यार्थीको बौद्धिक विकासका लागि योग आवश्यक हुन्छ। वयस्क युवाका लागि योग कुलतबाट मुक्ति, एउटा संस्काययुक्त बाटो अपनाउन तथा शारीरिक/मानसिक सुसंगठनका लगि पनि योग चाहिन्छ ।

घरायसी कामकाजमा व्यस्त गृहिणीलाई पनि सन्तुलन बनाइराख्न योग आवश्यक हुन्छ। कामकाजी मानिसलाई मानसिक शान्तिको निम्ति योगले औषधिको काम गर्छ। यसका साथै, कतिपय रोग उपचारको दृष्टिकोणले पनि योग आवश्यक छ ।

योगका विभिन्न प्रक्रिया छन्। यी प्रक्रियामध्ये शरीरको बाह्य सन्तुलनका लागि व्यायाम, रोगका दृष्टिकोणले केही आसन र शरीरका अंग-प्रत्यंग स्वस्थ राख्न र मानसिक शान्तिका लागि प्राणायामको महत्वपूर्ण भूमिका हुन्छ। अहिले अष्टांग योगमा आधारित भएर संसार चलिरहेको छ। त्यसमध्ये आसन र प्रणायामप्रति धेरैको आकर्षण छ ।

एउटा व्यक्तिले एकैचोटि कुनै नियमको पालन गर्न नसके पनि आसन र प्रणायामलाई समात्न सक्छ। त्यसपछि भने उसले नियमको बिस्तारै पालन गर्न थाल्छ। त्यसपछि एउटा ध्यान उत्पत्ति हुन्छ र मुक्तिको बाटो प्राप्त गर्न सक्छ ।

प्राणायाम श्वासका माध्यमबाट गरिन्छ। श्वास कसरी लिने, श्वासलाई कसरी रोक्ने, कसरी छोड्ने, रोकेर कतिबेर राख्ने, देब्रे नासिकाबाट लिएको श्वासको प्रभाव के हुन्छ, दायाँबाट लिएको श्वासको प्रभाव के हुन्छ? श्वास नियन्त्रणका यी विविध विधिले फरक-फरक प्रभाव हुन्छ ।

प्राणायाम एक हिसाबले अक्सिजन थेरापी हो। अक्सिजन नलियो भने मानिसको मृत्यु हुन्छ, थोरै लियो भने बिरामी हुन्छ, पर्याप्त मात्रामा लियो भनेर शरीर सन्तुलित हुन्छ। पर्याप्त अक्सिजनले शारीरिक र मानसिक रोग समेत निको हुन्छ। त्यसैले शरीरमा पर्याप्त अक्सिजनको आपूर्ति गराउने प्राणायाम सबैका लागि आवश्यक छ ।

प्रणायाम मानसिक सन्तुलनका लागि अचुक औषधिसरह हो। कुनै पनि विधिबाट सन्चो नभएका बिरामीलाई पनि नियमित योगले लाभ मिल्छ ।

बिरामी पर्नुअघि नै योगलाई अपनाऔं

शालिग्राम सिंह, ट्रष्टी, पतञ्जलि योग समिति

मानिसलाई खाना र लुगा जरुरी भए जस्तै स्वस्थ जीवनयापनका लागि योग आवश्यक हुन्छ। हाम्रो शरीरमा अक्सिजनको मात्रा कमी भयो भने बिरामी परिने भएकाले आवश्यक अक्सिजन उपलब्ध गराउन योग प्रभावकारी हुन्छ। यसले शरीरमा भएका तन्तुहरुलाई सवल पार्छ ।

अर्को दृष्टिले हेर्दा योगले हाम्रो धन र समय पनि जोगाउँछ। हामी बिरामी भएर अस्पताल गयौं भने समयका साथै धन पनि खर्च हुन्छ। योगले विभिन्न रोग लाग्ने सम्भावनाबाट टाढा राख्ने भएकाले धन र समयको बचत हुन्छ। बिरामी पर्नुभन्दा पहिले नै योग गर्यौं भने धेरै रोगबाट मुक्ति पाउन सकिन्छ। नेपालमा योगबाट निको भएका मानिसहरु हजारौंको संख्यामा छन्।

योगले हामीभित्र सकारात्मक सोचको विकास गराउँछ। यसका लागि हरेक बिहान योग गर्नुपर्छ। बिहानै खाली पेटमा योग गरेमा शरीरलाई धेरै फाइदा मिल्छ। ब्रह्ममुहूर्त अर्थात् बिहान ४ देखि ५ बजेको समयमा पृथ्वीमा अक्सिजनको मात्रा बढी हुन्छ। त्यसैले उक्त समयमा खुला ठाउँमा बसेर योग गरियो भने धेरै लाभ प्राप्त हुन्छ ।

प्राणायाम कति समयसम्म गर्ने भन्ने अन्यौल धेरैमा हुने गर्छ। सामान्यतया हरेक बिहान कम्तीमा आधा घन्टा योग गर्न सकिन्छ। आफ्नो शरीरका लागि एकदेखि डेढ घन्टा समय दिन सक्यौं भने हामी निरोगी हुन्छौं। यदि कोही बिरामी छ भने कति समयसम्म योग गर्ने र कुन प्रकारको गर्ने भन्ने विषयमा योग शिक्षकसँग परामर्श लिनु उचित हुन्छ। किनकि मानसिक रोगी, मधुमेह, रक्तचाप, मुटुरोगका लागि रोगको प्रकृति अनुसार नै फरक-फरक आसन हुन्छन्।

योगको महत्ता देखेरै हुनुपर्छ, संयुक्त राष्ट्र संघले हरेक वर्ष जून २१ लाई विश्व योग दिवसका रुपमा मनाउने घोषणा गरेको छ ।



तपाईंको यो साता

मेष (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।

वृष (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

कन्या (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय उत्तम खालको छ । तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

वृश्चिक:(टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।

तुला (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

धनु (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।

कुम्भ (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।

सप्तरीमा झन्डै ५२ सय उम्मेदवारले चुनावी खर्च विवरण बुझाएन

राजविराज- निर्वाचन सम्पन्न भएको महिनौँ बितिसक्दा पनि सप्तरीमा झन्डै ५२ सय उम्मेदवारले निर्वाचन खर्च निर्वाचन आयोगमा पेश गरेका छैनन्।

निर्वाचन सम्पन्न भएको मितिले ३५ दिनभित्र खर्च विवरण पेश गर्नुपर्ने कानुनी व्यवस्था विपरीत ५ हजार १ सय ८६ जना उम्मेदवारले हालसम्म पनि निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण नबुझाएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। सप्तरीमा प्रतिनिधि र प्रदेशसभा निर्वाचन गत वर्षको मङ्सिर २१ र स्थानीय तह निर्वाचन असोज २ गते सम्पन्न भएको हो।

जिल्लामा विभिन्न राजनितिक दल र स्वतन्त्र गरी प्रतिनिधिसभा निर्वाचनमा ५२, प्रदेशसभा निर्वाचनमा १ सय र स्थानीय तह निर्वाचनमा ५ हजार ५ सय २९ गरी कुल ५ हजार ६ सय ८१ जनाले उम्मेदवारी दिएका थिए। प्रतिनिधिसभातर्फका ५२ मध्ये २७, प्रदेशसभाका १ सय मध्ये ७८ र स्थानीय तहका ५ हजार ५ सय २९ मध्ये ५ हजार ८१ जनाले खर्च विवरण अझै बुझाएका छैनन्।

प्रतिनिधिसभाका २५, प्रदेशसभाका २२ र स्थानीय तह निर्वाचनका ४ सय ४८ जना गरी कुल ५ सय ९५ उम्मेदवारले मात्रै हालसम्म विवरण बुझाएको जिल्ला निर्वाचन कार्यालय, सप्तरीले जनाएको छ।

खर्च विवरण नबुझाउने मा प्रतिनिधिसभातर्फ तत्कालिन नेकपा (एमाले) का उम्मेदवार ताराकान्त चौधरी समेत छन्। दोश्रो संविधानसभा निर्वाचनमा एमालेका तर्फबाट विजयी भएका चौधरी २०७४ को निर्वाचनमा पुनः प्रतिनिधिसभा सदस्यका उम्मेदवार थिए। चौधरीले तेश्रो मत पाए भने राष्ट्रिय जनता पार्टीका तर्फबाट उम्मेदवार बनेका उनका सहोदर दाजु चन्द्रकान्त चौधरी सो क्षेत्रबाट निर्वाचित भएका थिए।

यसबाहेक नयाँ शक्ति पार्टी नेपाल, विवेकशिल साझा पार्टी, नेपाल मजदुर किसान पार्टीलगायतका अधिकांश साना दल र स्वतन्त्र उम्मेदवारले निर्वाचन खर्च विवरण नबुझाएको जिल्ला निर्वाचन अधिकृत दिलिपकुमार यादवले बताए।

निर्वाचन आयोगको पटक-पटकको निर्देशन तथा जिल्ला निर्वाचन कार्यालयको सूचनालाई समेत बेवास्ता गरी उम्मेदवारले आयव्यय विवरण सार्वजनिक नगरेको यादवले बताए।

सजायको व्यवस्था के छ?

निर्वाचन कसूर तथा सजायसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७३ को दफा ३१ मा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनुपर्ने व्यवस्था छ। दफा ३१ को उपदफा (४) बमोजिम त्यस्तो विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले १५ हजार रुपैयाँ जरिवाना गरी उपयुक्त समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्न आदेश दिन सक्नेछ।

आदेश अनुसार तोकिएको समयभित्र पनि त्यस्तो विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले पटकैपिच्छे १५ हजार रुपैयाँ जरिवाना गर्नसक्ने व्यवस्था रहेको निर्वाचन अधिकृत यादवले बताए। कानुनी व्यवस्था विपरीत यसपटक खर्च विवरण सार्वजनिक नगर्ने उम्मेदवारलाई अर्को निर्वाचनमा उम्मेदवारी दिन पनि समस्या हुने उनको भनाइ छ।

खराब प्रवृत्तिले आयोगको साखमा असर

अर्कोतर्फ आयोग र जिल्ला निर्वाचन कार्यालयकै उदासिनताका कारण उम्मेदवारहरुले खर्च विवरण बुझाउन आनाकानी गर्ने गरेको पाइएको छ। निर्वाचन ऐनमा समयमै खर्च विवरण नबुझाउने उम्मेदवारलाई जरिवाना गर्न सकिने व्यवस्था भएपनि विगतका चुनावहरुमा पनि दल तथा उम्मेदवारले खर्च विवरण नबुझाउँदा नियम मिच्ने प्रवृत्ति बढेर गएको जानकारहरु बताउँछ।

समयमै खर्च विवरण नबुझाउने उम्मेदवारहरुलाई कारबाही नगरिए आगामी चुनावहरुमा थप समस्या देखिने नागरीक समाजका कार्यवाहक अध्यक्ष थानसिंह भन्सालीले टिप्पणी गरे। खर्च विवरण नबुझाउने उम्मेदवारलाई छुट दिँदै जाँदा गलत प्रवृतिको विकास हुने र त्यसले निर्वाचन आयोगको साखमाथिनै प्रश्न चिन्ह खडा भएको उनको भनाइ छ।

नियम मिच्नेलाई कारबाही नगरिए प्रत्येक निर्वाचनमा यस्ता प्रवृत्तिले प्रश्रय पाउने र चुनावमा विकृति पनि बढ्दै जाने भन्सालीको ठहर छ।

रसुवागढी-केरुङ रेलमार्गः डिपिआरका लागि सम्झौता

काठमाडौँ / रसुवागढी(काठमाडौँ रेलमार्ग निर्माण प्रक्रियालाई गति दिने गरी नेपाल र चीनबीच द्विपक्षीय सम्झौतामा आज हस्ताक्षर भएको छ।

प्रारम्भिक सम्भाव्यता अध्ययन भइरहेको सो रेलमार्ग निर्माण अगाडि बढाउने विषयमा नेपाली र चिनियाँ अधिकारीबीच आज बेइजिङमा विसं २०७२ मा भएको व्यापार र पारवहन सहमतिका आधारमा द्विपक्षीय सम्झौतामा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ र उहाँका चिनियाँ समकक्षी लि सियोपिङले हस्ताक्षर गर्नुभयो। रेल विभागले पठाएको कागजातका आधारमा नै सम्झौता भएको जनाइएको छ।

विभागका अधिकारीले सम्झौतालाई विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) तयार पार्ने कार्यमा मार्गप्रशस्त भएको बताएका छन्। सम्झौतापछि डिपिआर तयारीका लागि मार्गप्रशस्त भएको विभागका महानिर्देशक अनन्त आचार्यको भनाइ छ। डिपिआरका लागि नै करीव रु तीन अर्बभन्दा बढी खर्च हुने छ। उक्त रेलमार्गको लागत करीव रु चार खर्ब रहने प्रारम्भिक अनुमान गरिएको छ।

चिनियाँ प्राविधिक टोलीले गत जेठ ६ गतेदेखि रसुवागढी(काठमाडौँ रेलमार्गको पूर्वसम्भाव्यता अध्ययन गरेको थियो। गत वैशाख १५ गते सो रेलमार्गका बारेमा नेपाली अधिकारी र चिनियाँ अधिकारीबीच चीनमा नै पूर्वसम्भाव्यता अध्ययनका लागि प्रारम्भिक सहमति भएको थियो। सोही सहमतिका आधारमा चिनियाँ प्राविधिकले रेलमार्गको अध्ययन गरेका थिए। रेल विभागका अनुसार सो रेलमार्गको प्रारम्भिक अध्ययन आगामी भदौको पहिलो सातासम्म सम्पन्न गरिने तयारी छ।

नेपाली सीमा रसुवागढीदेखि काठमाडौँसम्मको रेलमार्ग करीब ८० किमी लामो हुनेछ। करीब एक घन्टाको यात्रामा रसुवागढीबाट काठमाडौँ आइपुगिने प्रारम्भिक अध्ययनमा देखिएको छ। नेपाल र चीनलाई जोड्ने सो रेल चीनको ल्हासा(सिगात्से हुँदै केरुङबाट रसुवागढी नाका भएर नेपाल प्रवेश गर्नेछ। रेलमार्गमा सुरुङ र पुलको संख्या बढी हुनेछ। रसुवागढी(काठमाडौँ रेलमार्गमा छ वटासम्म स्टेशन रहने बताइएको छ।

प्रारम्भिक अध्ययन सकिएपछि रेलमार्गका लागि डिपिआर तयार गरिने छ। सोही रेलमार्ग काठमाडौँबाट कुरिनटार हुँदै एउटा लाइन पोखरा जाने तथा अर्को लुम्बिनी जाने गरी प्रारम्भिक अध्ययन गरिएको छ।

हालका सभामुख एवं तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले २०७४ साल भदौ अन्तिम साता गरेको चीन भ्रमणका क्रममा नेपालमा रेलमार्ग विस्तारबारे सघन पहल गरिएको थियो। सो छलफललगत्तै चिनियाँ रेल प्रशासनको उच्च टोलीले केरुङ(काठमाडौँ, काठमाडौँ(पोखरा र काठमाडौँ(लुम्बिनी रेलमार्गको प्रारम्भिक सम्भाव्यता अध्ययन गरेको थियो। अध्ययनपछि रेलमार्ग निर्माण गर्न सकिने प्रारम्भिक अध्ययन प्रतिवेदन नेपाल सरकारलाई बुझाइएको थियो।

यस्तै परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले गत वैशाख पहिलो साता गर्नुभएको चीन भ्रमणका क्रममा समेत रेलमार्ग निर्माण तथा विस्तारका बारेमा महत्वपूर्ण छलफल एवं विचारविमर्श भएको थियो।

काठमाडौँबाट नुवाकोटको त्रिशूली हुँदै केरुङसम्मको भौगर्भिक अध्ययन, भूगोलको बनावट र रेखाङ्कनको अवस्थासहितको सम्भाव्यता के हुन्छ भनेर प्रतिवेदन तयार पार्ने काम जारी छ। सरकारले आगामी आवका लागि सार्वजनिक गरिसकेको बजेट तथा नीति र कार्यक्रममा रसुवागढी(काठमाडौँलगायत रेलमार्ग निर्माण गर्ने विषय समावेश गरेको छ।

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ

डाक्टरबाट उपचार
एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन



नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

प्रदेश सांसदद्वारा प्रजिअको ध्यानाकर्षण

फत्तेपुर / विकास निर्माणका काममा स्थानीय तह मार्फत भइरहेका गतिविधि अपारदर्शी र जनभावना विपरीत भएको भन्दै प्रदेश २ को प्रमुख प्रतिपक्षी दल नेकपाका नेता सत्यनारायण मण्डलसहितको प्रतिनिधि मण्डलले सप्तरीका प्रमुख जिल्ला अधिकारी (सिडिओ) सुरेन्द्र पौडेलको ध्यानाकर्षण गराएका छन् ।

विकास निर्माणका नाममा भइरहेको बेथिति, अनियमित र अव्यवहारिक क्रियाकलाप व्यवस्थित गर्न र आवश्यक छानविन गरी दोषिलाई कारबाही गर्न टोलीले ध्यानाकर्षण गराएको हो । विकास निर्माण तथा जनभावना अनुसारका काम गर्नुपर्ने स्थानीय तहका जननिर्वाचित प्रतिनिधि नै संलग्न भएर अनियमितता र अराजकता बढाएको नेकपाका नेताहरुले आरोप लगाएका छन् ।

अग्निसाइर कृष्णा सवरन, महादेवा र राजगढ गाउँपालिका सहित अधिकांश स्थानीय तहमा सञ्चालित विकास योजनामा विवाद देखिएपछि मण्डलसहितको टोली सिडिओ कार्यालय पुगेको हो ।

प्रदेश सांसद गोविन्द न्यौपाने, पूर्व सिँचाइ मन्त्री उमेशकुमार यादवलगायत सहभागी रहेको टोलीले स्थानीय तहमा भइरहेका अपारदर्शी र अराजक क्रियाकलाप अन्त्य हुनुपर्नेमा जोड दिए ।

अग्निसाइर कृष्णा सवरन गाउँपालिकाका अध्यक्ष पर्शुराम चौधरी, प्रमुख प्रशासकीय अधिकृत राजिव झा तथा १, ४ र ५ नम्बर वडाका अध्यक्षको मिलेमतोमा गाउँ तथा वडाद्वारा सञ्चालित योजनाका विषयमा सर्वसाधारणलाई सूचना समेत नदिएको र जानकारी माग्दा ज्यान मार्नेसम्मको धम्की दिने गरेको उनीहरुले आरोप लगाएका छन् ।

'पटक-पटक को औपचारिकरअनौपचारिक छलफल तथा शान्तिपूर्ण दबाबपछि पनि गैरकानुनी र जनभावना विपरीतका काम भइरहेका छन्,' स्थानीय वेचन चौधरीले भने, 'अब हामीले विधिवत रुपमा आन्दोलनको बाटो समाएका छौं ।'

चौधरीले संघर्ष समिति गठन गरी आन्दोलन सुरु गरिएको जानकारीसहित सिडिओलाई ज्ञापनपत्र समेत बुझाएको बताए ९ बुँदे मागसहितको ज्ञापन पत्रमा ७ दिनभित्र माग पूरा नभए बाध्य भएर कार्यालयमा तालाबन्दी लगाउनेसम्मका आन्दोलन अगाडि बढाउने चेतवनी दिइएको छ।

प्रदेश सांसदसहितको प्रतिनिधि मण्डलसँगको छलफलपछि सिडिओ पौडेलले विकास निर्माणका काममा भइरहेका गतिविधिबारे आफूले अनुगमन गरेर माथिल्ला निकायमा जानकारी गराउने बताए।

गाउँपालिकाले सूचना नदिएको विषयमा भने उनले आश्चर्य व्यक्त गर्दै जनतालाई सूचनाबाट वञ्चित गर्नु गम्भीर त्रुटि भएको प्रतिक्रिया दिए।

सिराहामा ५२ वटा मानवअधिकार उल्लंघन

लहान/सिरहामा पछिल्लो समय हत्या, बलात्कार र बलात्कार प्रयासका घटना बढेको पाइएको छ ।

सन् २०१८ को जनवरीदेखि जून १० सम्मको अवधिमै बालबालिकासहित २९ जना महिला बलात्कार र बलात्कार प्रयासको सिकार भएको तथा ५ जना महिलाको हत्या भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सिरहाले जनाएको छ ।

'मानअधिकार वर्ष पुस्तक २०१९' को पूर्व समीक्षा कार्यक्रमका लागि आइतबार लहानमा आयोजित कार्यक्रममा यस अवधिमा ११ बालिका र दुई महिला गरी १३ जनाको बलात्कार भएको जनाइएको छ। उक्त अवधिमा ५ बालिका र ११ महिला गरी १६ जनामाथि बलात्कार प्रयास भएको इन्सेक प्रतिनिधि दुर्गा परियारले जानकारी दिए ।

यसैगरी, विभिन्न ५२ वटा मानवअधिकार उल्लंघनका घटनामा ५५ महिला तथा चार पुरुष गरी ५९ जना पीडित भएका छन्। घरेलु हिंसा ५, बोक्सीको आरोप १, बहुविवाह ७ र हत्या प्रयास २ गरी १५ जना महिला पीडित बनेका छन्। त्यस्तै, बम विस्फोटका २ घटनामा ५ महिलासहित ९ जना तथा साइबर अपराधको एउटा घटनामा एक महिला पीडित भएका छन् ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख सोमप्रसाद भट्टराईले महिला हिंसा तथा मानवअधिकारको सवालमा राज्य संवेदनशील हुँदाहुँदै पनि मानवअधिकार उल्लंघनका घटना बढेको स्वीकार गरे ।

जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका, अन्नपूर्ण, कान्तिपुर, nagariknews, राजधानी, जनता टाइम्स, एक्सन

अमर एडभरटाईजिङ धरान

९८५२०४९३२५, ९८५२०४७७७९

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरुवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔं ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगवाट वचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा



प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज

सप्तकोसी नपा-१, फत्तेपुर

०३१-५५०१०६,

९८०७७७३८९१,

९८५२८२१२९१

IME सेवा: यहा विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।



Complete Mobile & Computer Concern

extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com



